# कर्जन्हा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कर्जन्हा, सिरहा,
## मधेश प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको हाटबजार/मेला ठेक्का सम्बन्धी शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८२/०६/२६**

कर्जन्हा नगरपालिकाको **आ.व.२०८२/०८३ देखि २०८३/०८४ को कार्तिक १५ गतेसम्मको** आन्तरिक आय संकलन गर्न तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्न लागिएकाले ईच्छुक व्यक्ति, फर्म, कम्पनीबाट देहाय बमोजिमको शर्तको अधिनमा रही शिलबन्दी दरभाउपत्र दखिला गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको विहान ११:०० बजे भित्र रु रु १०/- को टिकट टाँसी यस कार्यालयको राजश्व शाखाबाट रु १०००/- (अक्षरेपी रु एक हजार)को रसिद लिई पछि फिर्ता नहुने गरी यस कार्यालयको प्रशासन शाखाबाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र खरिद गर्ने अन्तिम मितिको सोही दिन दिउँसो १:०० बजे सम्म दरभाउपत्र खामबन्दी गरी खाम बाहिर दरभाउपत्र दाताको नाम हाट बजार/मेलाको नाम प्रष्ट खुलाई यस कार्यालयमा छुट्टा छुटै दर्ता गरी सक्नु पर्नेछ र दर्ता गराउँदा शिलबन्दी निवेदनसंगै यस कार्यालयको नाममा रहेको माछापुच्छ्रे वैंक कर्जन्हा शाखाको 0800088336000011 स्थानीय तह धरौटी खाता ग-३ मा आफूले कबोल गरेको रकमको नेपाली भए ५ प्रतिशत तथा विदेशी भए १० प्रतिशतले हुन आउने रकम जम्मा गरेको सक्कल भौचर अनिवार्य पेश गर्नु पर्नेछ ।

३ दर्ता भएका शिलबन्दी दरभाउहरु सिं.नं.२ मा उल्लेखित भएको दिनको ३:०० बजे सम्बन्धित कार्यालय तथा कोटेशन दाता वा निजको प्रतिनिधिको उपस्थितमा खोलिनेछ तर प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन ।

४ कोटेशन खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदा पछि कार्यालय खुल्ने सोही समयमा हुनेछ।

५ नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकामा पेश्की बाँकी रकम वा नगद जिन्सी बुझाउन बाँकी रहेको व्यक्तिले ठेक्का लिन पाउने छैन । कुनै कारणवश त्यस्ता व्यक्ति ,फर्म वा कम्पनीहरुको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ ।

६ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै सूचनामा केही कुरा थपघट गर्नु पर्ने भएमा थपघट गर्नुपर्ने कुरा कार्यालयले सूचना पाटिमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७ प्रत्येक हाटबजार/मेलाको कोटेशन छुटाछुटै दिनुपर्नेछ ।

२०८२।६।२६

**प्रमुख प्रशासकीय अधिकृत**

६।२६

**सन्तोष पोखेल**
**अधिकृत छैठौं**

# कर्जन्हा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कर्जन्हा, सिरहा,
# मधेश प्रदेश, नेपाल

८ नगरपालिकाले प्रमाणित गरे बाहेकको रसिद प्रयोग गर्न पाइनेछैन।

९ ठेकेदारे शुल्क उठाउन नियुक्त गरेको कर्मचारीको नाम, थर ठेगाना खुलेको नामावली न.पा. कार्यालयमा पेश गर्नु पर्नेछ ।

१० ठेक्का सम्बन्धि कुनै समस्या आइपरेमा वा यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख भएका कुराहरुको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा नेपाल सरकारबाट समय समयमा भए गरेको आदेश, निर्देशन र परिपत्रको आधारमा न.पा.ले समाधान गर्नेछ र सोही समाधान अन्तिम पनि हुनेछ ।

११ प्राप्त बोलपत्रहरु कुनै पनि कारणले जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा स्वीकृतल गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२ यसमा उल्लेखित बाहेक अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ र ठेक्काको अन्य शर्तहरु सम्झौताका बखत निर्धारित हुनेछन् ।

१३ स्वीकृत ठेक्का रकममा नियमानुसार लाग्ने कर नगरपालिकाले सोही रकमबाट बुझाउनेछ । बोलपत्र सम्बन्धी केही कुरा बुझ्न परेमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१४ हाट बजार/ मेलाबाट उठाउँन सेवा शुल्क (बटी) बारे कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ । यस कार्यालयले आर्थिक ऐन मा तोकी दिएको भन्दा बढी सेवा शुल्क (बटी) लिन पाइनेछैन ।

**आ.व.२०८२/०८३ देखि २०८३/०८४ को कार्तिक १५ गतेसम्म**

| क्र.सं | ठेक्का नं | हाट बजार/मेलाको नाम | स्थान | न्यूनतम बोल कबोल रकम रु (VAT रकम सहित) | समय अवधि |
|---|---|---|---|---|---|
| १ | ०१/२०८२/०८३- राजश्व | मरेवा बजार | कर्जन्हा न.पा-७, सिरहा | १ लाख | १ बर्ष |
| २ | ०२/२०८२/०८३- राजश्व | कर्जन्हा हाटबजार | कर्जन्हा न.पा.-११, सिरहा | ५ लाख | १ बर्ष |
| ३ | ०३/२०८२/०८३- राजश्व | कमला उत्तरवाहिनी बोलबम र कार्तिकि पूर्णीमा मेला | कर्जन्हा न.पा.-१, सिरहा | १ लाख ५० हजार | १ बर्ष |

सन्तोष पोखेल
अधिकृत छैठौं

.....२०८२।६।२६
रामाश्रय यादव
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत